**जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च**

**समावेशी संविधानका लागि संवाद अभिवृद्धि परियोना**

**First Review Meeting (प्रथम समिक्षा बैठक)**

सातोआकी, कुपण्डोल ललितपुर

6 July 2010 (२२ असाढ २०६७)

## कार्यक्रम प्रतिवेदन

## पृष्ठभूमि

नेपालमा ऐतिहासिक कालदेखि विभेदमा पारिएका समुदायहरु विशेष गरि दलित, आदिवासी जनजाती र मुस्लिमहरु माझ संवाद र सहकार्यको वृद्धि गर्दै राष्ट्रिय, क्षेत्रीय र जिल्ला स्तरिय सयन्त्र मार्फत यी समुदायको संवैधानिक मुद्धाहरु पहिचान र छलफल गराइ ती मुद्धाहरुलाई नया बन्न लागेको संविधानमा समावेश गराउन पहल गर्नका लागि एन्कार्डद्वारा समावेशी संविधानका लागि सम्वाद अभिवृद्धि परियोजना (Enhancing Dialogue for Inclusive Constitution) संचालन भइ रहेको छ । यो परियोजनालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि एन्कार्डका साझेदार सस्थाहरु मध्ये १२ वटा साझेद्वार संस्थाद्वारा १२ वटा क्षेत्र र २४ वटा जिल्लामा कार्यक्रम संचालन गरिएको छ । परियोजना संचालन भए पश्चात छ महिना (मार्च २०१०) सम्ममा दोस्रो Milestones प्राप्त गर्नका लागि २४ वटा जिल्लाहरुमा सिमान्तकृत समुदायका संवैधानिक सवाल विषयक कार्यशाला सम्पन्न गर्न पर्ने थियो । जुन कार्यलाई सफलतापूर्वक सम्पन्न गरि दोस्रो Milestones पनि प्राप्त गरि सकिएको छ । परियोजना प्रारम्भ भएदेखि हाल सम्ममा भएका गतिविधिको वारेमा जानकारी गराउनका साथै आगामी दिनहरुमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने सन्दर्भमा परियोजनाका साझेदार सस्था, कार्यसमितिका पदाधिकारी एवं परियोजनका कर्मचारीहरुको संलग्नतामा पहिलो समिक्षा बैठक ( First Review Meeting) असाढ २२ गते सातोआकी हल कुपण्डोलमा सम्पन्न भयो ।




## कार्यक्रमको उद्धेश्य

यस कार्यक्रमका प्रमुख उद्धेश्यहरु निम्न प्रकार थियो ।

- परियोजनाको गतिविधीहरुको वारेमा जानकारी गराउनु ।
- साझेदार संस्था एवं सिमान्तकृत समुदाय संयोजन समिति तथा दलित संयोजन समितिको अवस्थाको वारेमा जानकारी गराउनु ।
- बदलिदो परिस्थिति अनुसार आगामी दिनहरुमा परियोजनालाई अगाडी बढाउनका लागि रणनीति तयार पार्नु ।

## कार्यक्रमको प्रकृया र प्रमूख गतिविधि

परियोजनाको समिक्षा बैठक संस्थाका पदाधिकारीहरु, परियोजनाका साझेदार सस्थाहरु एवं परियोजनाका कर्मचारीहरु गरि २८ जना सहभागिहरुको संलग्नतामा असाढ २२ गते सातोआकी हल कुपण्डोलमा सम्पन्न गरियो । यो कार्यक्रमलाई पहिलो र दोस्रो शत्रमा विभाजन गरिएको थियो । पहिलो शत्रको सभापतित्व संस्थाका महासचिव मल्ल

के. सुन्दरले गर्नु भएको थियो भने दोस्रो शत्रको सभापतित्व यस सस्थाकी अध्यक्ष डां सुमित्रा मानन्धर गुरुङ्गले गर्नु भएको थियो । कार्यक्रमको सहजीकरण एन्कार्डका सदस्य सचिव गणेश वि.क ले गर्नु भएको थियो ।

**कार्यक्रम तथा परियोजनाको उद्धेश्य**

कार्यक्रमका सहभागीहरुमाझ समान्य परिचय भए पश्चात कार्यक्रमको उद्धेश्य र परियोजनाको लक्ष्यका वारेमा यस परियोजनाका प्रकृया सहजकर्ता (Process Facilitator) नेत्र तुम्वाहाङ्गफे ले जानकारी गराउनु भएको थियो । जस अनुसार परियोजनाको उद्धेश्यहरु निम्नलिखित रहेको छ ।

क) राज्य पनर्रसंरचनाका लागि आफ्ना चिन्ता र हितका विशेष सवालहरु स्पष्टसँग उठाउनका लागि सिमान्तकृत समूहहरुको संजाल मार्फत उनीहरु बीच संवाद, सहमति र ऐक्यवद्धता कायम गराउने ।
ख) नयाँ संविधानले समेट्न पर्ने सिमान्तकृत समुहका अवधारणा संकलित गर्नु र सोको वारेमा राजनीतिक दल, संविधान सभा, नागरिक समाज र विज्ञहरु लाई जानकारी तथा अनुभूत गराउनु ।
ग) संघियता अन्तरगतका संवैधानिक व्यावस्थाका वारेमा सिमान्तकृत समुदायलाई जानकारी गराउनु तथा बहसका लागि ज्ञानवृद्धि गराउनका लागि एउटा वैकल्पिक संविधान तयार पार्नु ।

साथै उहाले परियोजनाको उद्धेश्यका अतिरिक्त परियोजना भित्र रहेका कृयाकलापहरुको वारेमा पनि जानकारी गराउनु भएको थियो ।

**सम्पन्न भएका, हुन बाकी तथा तेस्रो माइलस्टोन (Third Milestone) सम्मका कार्यक्रमहरु**

परियोजना संचालन भए पश्चात हाल सम्ममा सम्पन्न भएका कार्यक्रम तथा त्यस कार्यक्रमबाट प्राप्त उपलब्धीहरुको सम्वन्धमा परियोजना अधिकृत प्रेम लिम्वुले जानकारी गराउनु भएको थियो । साथै हाल सम्म (Third Quarter) सम्पन्न हुन पर्ने कार्यक्रमहरुको वारेमा जानकारी गराउनुका साथै सो हुन नसक्नुका कारण पनि औल्याइएको थियो । यसका अतिरिक्त तेस्रो माइलस्टोन (Third Milestone) सम्म के कस्ता कार्यक्रमहरु संचालन गर्नू पर्ने छ त्यसको समेत जानकारी गराउनु भएको थियो ।




**साझेदार सस्था एवं MGCC र DCC को अवस्था**

यस परियोजनाका साझेदार सस्थाहरुले आ आफ्नो क्षेत्र र जिल्लामा गरेका कार्यक्रमको आधारमा उनीहरुको अवस्था मापन गरिएको थियो । परियोजना अनुगमन अधिकृत तिलक विश्वकर्माले उनीहरुले क्षेत्रीय स्तरमा गरेको कार्यक्रमको आधारमा कार्यक्रम संचालन हुने क्षेत्रमा कार्यलय हरे नरहेको, कार्यक्रममा सहभागी संख्या र उनीहरुको अवस्था, कार्यक्रमको उपलब्धी, सवल पक्ष र सुधार गर्ने पक्षहरुको वारेमा जानकारी गराउनु भएको थियो । यसका साथै केन्द्रिय, क्षेत्रीय र जिल्ला स्तरिय सिसान्तकृत संयोजन समिति र दलित संयोजन समितिको अवस्थाको वारेमा जानकारी गराइएको थियो जस अन्तरगत समितिमा रहेका पदाधिकारीहरुको संख्या, उनीहरुले कतिवटा वैठकहरु संचालन गरे र सो वैठकबाट के कस्तो निर्णय गरे तथा के कस्ता गतिविधीहरु सम्पन्न गरे त्यसको वारेमा समेत जानकारी गराईएको थियो ।

**आर्थिक समिक्षा**

परियोजना अन्तरगत हाल सम्ममा भएका खर्चहरुको वारेमा एन्कार्डका कोषाध्यक्ष रोमनाथ विश्वकर्माले जानकारी गराउनु भएको थियो । साथै केही संस्थाहरुले हाल सम्ममा पनि आर्थिक हिसाव मिलान गर्न नसकेको जानकारी पनि गराउनु भएको थियो । यसका अतिरिक्त MGCC र DCC को खर्चहरुको वारेमा पनि अवगत गराईको थियो ।




**खुला छलफल तथा वहस**

यस कार्यक्रमा सहभागिहरुको विचार र अनुभवहरु राख्नका लागि खुल्ला छलफल तथा वहस भएको थियो । सहभागीहरुले महत्वका साथ उठाएका कुराहरु यस प्रकार छन ।

- एलायन्स संस्थाहरुमा आफ्नोपन (ownership) महसुस गराउन नसकिएको ।
- Communication राम्रोसंग हुन नसकेको ।
- एउटै व्याक्ति धेरै सस्थाहरुमा आवद्ध भएको कारण पछि समस्या आउन सक्दछ ।
- एलायन्ससंग ६ महिनाको मात्र संझौता गरिएकोले पछि के होला भन्ने अन्योलता रहेको ।
- समाजिक परिचालकले नै कार्यक्रमको नेतृत्व गरेको जस्तो देखिन्छ ।
- MGCC र DCC बैठकको लागि स्पष्ट रुपमा खर्च उपलब्ध गराउन पर्ने ।
- समाजिक परिचालकको भूमिका स्पष्ट नभएकोले उसलाई दिइने रकम सस्थाको कुनै प्रयोजनका लगि दिन उपयुक्त हुने ।
- Alliance member हरुले गरेको अन्य कार्यहरुलाई पनि Innovative कार्यका रुपमा लिन पर्ने
- साझेदार सस्थाहरुले गर्ने कार्यहरु स्पष्ट रुपमा उल्लेख हुन पर्ने ।
- कार्यक्रममा मुस्लिमहरुको सहभागिता बृद्धि गर्न पर्ने ।
- आर्थिक निति स्पष्ट हुन पर्‍यो ।

खुल्ला छलफल पश्चात परियोजनाका प्रकृया सहजकर्ता नेत्र तुम्वाहाम्फेद्वारा हाल सम्म कार्यक्रम संचालन गर्दाको सवल पक्ष र सुधार गर्नु पर्ने पक्षको वारेमा प्रत्येका सस्थाहरुलाई छुट्टा छुट्टै समुह कार्य गर्न लगाइएको थियो । एलाइन्स सस्थाद्वाद्वारा उठाइएका विषय वस्तुहरु विशेष गरि सवल पक्ष र सुधार गर्न पर्ने पक्षहरु निम्नानुसार उल्लेख गरिएको छ ।

**परियोजनाको सवल पक्ष**

- आदिवासी जनजाती, दलित र मुस्लिम बीच एकै ठाउमा कार्यक्रम हुनु ।
- MGCC र DCC गठनको कारण जन स्तरमा सकारात्मक प्रभाव पर्नु ।
- २१ मार्चको सन्देश काठमाण्डौबाट बृहत एकताको साथ (दलित, जनजाति आदिवासी र मुश्लिम) झाँकी सहित सम्पन्न हुनु र सोको प्रत्यक्ष प्रसारण गरिनु (समाचार , टिभि पत्रपत्रिकामा उल्लेख हुनु) देशका विभिन्न स्थान (१२) जिल्लामा पनि सम्पन्न हुनु

- MGCC र DCCको गठन हुनु र परिचालन हुनु।
- यस परियोजनाले विभिन्न क्षेत्रमा छरिएर रहेका सिमान्तकृत समुदायहरुलाई एकतृत गरि उनीहरुको आवाज समेट्न सक्नु ।र सिमान्तकृत समुदायका व्यक्तिहरुको मनोवल बढ्न पुग्नु ।
- MGCC र DCC गठन भइ सिमान्तकृत समुदायहरुका लागि एउटा platform खडा भएको छ ।
- सिमान्तकृत समुदायहरु आफ्नो अधिकार बारे धेरै आशावादी हुनु ।
- २४ वटा संघियमुलुकहरुको संक्षिप्त डकुमेन्ट र भिडियो क्यासेट अवलोकन गराईनु ।
- स्थानीय तहसम्म नयाँ संविधानबारे छलफल चलाईनु ।
- थोरै बजेटले धेरै  क्षेत्र कभर गर्न सक्नु ।
- MGCC / DCC गठन गरी कार्यक्रम केही कार्यक्रम हुनु ।
- परियोनाजको DCC/ MGCC गठन प्रक्रिया उपयुक्त भएको ।
- Marginalized groups / dalit groups हरुको स्थानिय मुद्दाहरुको पहिचान हुनु र छलफल हुनु ।
- विभिन्न संबैधानिक समितिहरुको प्रारम्भिक मस्यौदा क्षेत्र र  जिल्ला स्तरमा पुर्‍याउने कार्य हुनु ।
- संघिय मुलुकहरुको हाते पुस्तिका उपलब्ध गराईनु ।
- MGCC / DCC काम गर्न उत्साहित हुनु र समितिहरुका बीचमा राम्रो समन्वय हुनु ।

**परियोजनामा सुधार गर्न पर्ने पक्षहरु**

- केन्द्रिय, क्षेत्रीय र जिल्लाका प्रतिनिधि बीच संजाल निर्माणगरि संचारको व्यावस्था गरिदिन पर्ने ।
- समाजिक परिचालकलाई अभिमुखिकरणमा बोलाउदा Alliance लाई पनि बोलाउन पर्ने ।
- दोस्रो चरणका कृयाकलापहरु मध्य NCARD /Alliance Member ले गर्ने कार्यहरु स्पष्ट रुपमा छुट्टिन पर्ने
- MGCC र DCC लाई अभिमुखिकरण गर्न पर्ने ।
- MGCC र DCC संचालनका लागि नयुनतम खर्च उपलब्ध गरानउन पर्ने ।
- साझेदार संस्थाहरुको कार्यक्रम सम्पन्नको लागि overhead खर्च राखिनु पर्ने ।
- MGCC र DCC को बीच नियमित कार्यक्रम तथा छलफल गर्ने र साझेदार संस्थाको संस्थागत विकासको लागि पहल गर्ने ।
- प्रोजेक्ट स्टाफहरुद्धारा स्थानीय तहमै गरर समास्या समाधानको बाटो खोज्नु पर्ने ।
- सिमान्तकृत समुदाय भित्र मुश्लिम समुदायलाई प्राथमिकता दिदै मुश्लिमको नाममा सम्बोधन र पहिचान हुनु पर्ने
- जिल्ला सामाजिक परिचालकको भूमिका बारे सोच्न पर्ने ।
- प्रत्येक Alliance Member संस्थालाई परियोजनाको उद्देश्य अनुसार काम गराउनु पर्ने ।
- Alliance Member तथा MGCC र DCC को भूमिका स्पष्ट पारिनु पर्ने, मूल केन्द्र Allinace Member हुनुपर्छ ।
- Alliance Member को आयोजनामा हुने अभियान तथा प्रकाशनहरुलाई हाम्रो परियोजनाको उद्देश्यसंग नबाझिने गरी प्रकाशन गर्न पर्ने ।
- संविधान सभाको कार्यतालिकालाई पर्खेर बस्नु भन्दा राजनीतिक अवरोध हटाई संविधान निर्माण प्रकृया तथा राज्य पुनसंरचनालाई सहयोग पुग्ने सवालका कार्यक्रमहरु परिमार्जन गरी परियोजनाको उद्देश्य अनुसार निरन्तर अघि बढ्ने र राज्य पुर्नसंरचानाको सन्देश पुर्‍याउन पर्ने ।